# पर्वत जिल्ला अदालत

## कुश्मा, पर्वत

पत्र संख्या :- ०७६/०७७ फोन नं. ०६७-४२०१९५

चलानी नं. :- 2073 मिति:-२०७७।०३।०४

**सूचना !** **सूचना!!** **सूचना!!!**

कोभिड- १९ को कारणले संसार भर फैलिएको संक्रामक रोगको कारण नेपाल सरकारद्वारा गरिएको बन्दाबन्दी मिति २०७६।१२।११ देखी यस अदालतको दैनिक काम कारवाही पनि प्रभावित भएको र सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गते लगाएत विभिन्न मितिमा भएका निर्देशन बमोजिम सिमित कर्मचारीहरुको उपस्थितीमा पक्राउ पुर्जी अनुमती, जरुरी पक्राउ पुर्जी समर्थन, म्याद थप, अभियोग पत्र दर्ता, बयान, थुनछेक एवं मुलुकी फौजदारी कार्यविधी सहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदन, नावालक जिम्मा सम्बन्धी निवेदन तथा बन्दी प्रत्यक्षीकरणको निवेदन सम्बन्धी कार्यहरु संचालन गरीएको र नेपाल सरकारको मिति २०७७।०२।२८ गतेको निर्णय बमोजिम सरकारी कार्यालयहरुबाट सेवा प्रवाह शुरु भएको तर सार्वजनिक यातायातको साधन नचली बन्दाबन्दी आंशिक मात्र खुला भएको अवस्था समेत रहेको तथा सम्मानित सर्वोच्च अदालतको मिति २०७७।०२।३२, च.नं. १९७३ को पत्र बमोजिम सबै कर्मचारीहरु उपस्थित हुने र सेवा संचालन गर्न निर्देशन एवं उच्च अदालत पोखरा, बागलुङ ईजलास, बागलुङको मिति २०७७।०३।०३, च.नं. २२६८ को परिपत्र बमोजिम समेत थप कार्यहरु गर्ने निर्देशन प्राप्त भएको अवस्थामा आंशिक बन्दाबन्दीको अवस्था कायमै रहेको स्थिती समेतलाई मध्येनजर गरी स्वास्थ्य सुरक्षाका मापदण्ड समेत अपनाई माथी उल्लेखीत कार्यहरुका अतिरिक्त थप देहाएका सेवाहरु समेत सुरुवात गरीएको बेहोरा सार्वसाधारण तथा सरोकारवालाको जानकारीको लागि अनुरोध छ।

**देहाय**

१. दर्ता भई सकेको मुद्दा मिलापत्र तथा फिर्ता सम्बन्धी कार्य तथा डिसमिस, तामेली सम्बन्धी कार्य।
२. थुनुवा मात्र भएका अंग पुगेका सरकारवादी फौजदारी मुद्दाको सुनुवाई।
३. प्रहरीद्वारा पक्राउ भई वा निवेदन साथ उपस्थित भएका फरार प्रतिवादीहरुको बयान तथा थुनछेक सम्बन्धी कार्य।
४. विशेष प्रकृतीका निवेदनहरु (दर्ता विवाह, संरक्षक, माथवर नियुक्ती, मृत्यूको न्यायीक घोषणा, अधिकृत वारेसनामा प्रमाणित समेत।
५. जग्गा रोक्का र फुकुवा निवेदनहरु।
६. नक्कल प्रमाणित।
७. दसीका सामान फिर्ता तथा धरौटी रकम फिर्ता।
८. घरेलु हिंसा सम्बन्धी मुद्दा दर्ता तथा कारवाही।
९. निषेधाज्ञा निवेदन दर्ता तथा कारवाही।
१०. अत्यावश्यक म्याद तामेली।
११. लगत असुली सम्बन्धी कार्य।
१२. भैपरी आउने अन्य अत्यावश्यक कार्यहरु।

***" यस अदालतमा सेवा लिन आउदा अनिवार्य रुपमा मास्कको प्रयोग गरी कार्यालय प्रवेश गर्दा अनिवार्य रुपमा साबुन पानीले हात धोऔं - (कोभिड-१९ बाट आफु पनि बचौं रअरुलाई पनि बचाऔं)" धन्यवाद।***